नेपाल सरकार

युवा, श्रम तथा रोजगार मन्त्रालय

# वैदेशिक रोजगार विभाग

ताहाचल, काठमाण्डौं।

मिति २०८३/०४/०७

**वैदेशिक रोजगार सम्वन्धी कार्य गर्ने इजाजतपत्रवाला संस्थाको आधिकारिकता सम्वन्धी सूचना।**

वैदेशिक रोजगार ऐन,२०६४ को दफा ११ बमोजिम वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र प्राप्त संस्थाहरुको नाम, ठेगाना, इजाजत पत्र नम्वर, स्टाटस (एक्टिभ वा डिएक्टिभ), सञ्चालक र कर्मचारीहरुको नाम, सम्पर्क नम्वर, संस्थाको ईमेल, संस्थाको गुगल लोकेशन म्याप लगायतका सवै सूचना तथा जानकारीहरु पव्लिक डोमेन यस विभागको आधिकारिक वेवसाइट (www.dofe.gov.np) मा राखिएकोले कानून बमोजिमको रित पुगेका र सक्रिय अवस्थामा रहेका इजाजतपत्र प्राप्त संस्थाहरुको वारेमा आवश्यक परेको जानकारी तपसिल बमोजिम हेर्न सकिने व्यहोरा सरोकारवाला सवैको जानकारीको लागि अनुरोध गरिन्छ ।

तपसिल

१. विभागको आधिकारिक वेवसाइट — (www.dofe.gov.np) वेव **Browser** मा खोल्ने ।

२. सम्वन्धित निकाय मेनुको - इजाजत पत्र प्राप्त संस्थामा गई **Permission No** वा नाम लेखि **Search** गर्ने।

३. Search गरेपछि इजाजत पत्र प्राप्त संस्थाको **Permission No, Name, Address, Contact No, Status, Active/Inactive, Location** (गुगल म्याप) देखिन्छ र **View Details** मा गएर संस्थाको **Proprietor Information** तथा **Labour Representation** मा निजहरुको नाम, ठेगाना, मोवाइल नं. हेर्न सकिने हुदाँ इजाजत प्राप्त संस्था हो वा होइन र हाल सक्रिय वा निस्क्रिय कस्तो अवस्थामा रहेको एकिन गर्न सकिने व्यहोरा सवै सरोकारवालाहरुलाई अनुरोध गरिन्छ।

नोट- साथै इजाजतपत्रवाला संस्थाहरुले समेत विभागको वेभ साइटमा रहेको संस्थाको विवरण एकिन गरी संचालक,कर्मचारी वा प्रतिनिधि परिवर्तन भएको वा अन्य अध्यावधिक गर्नुपर्ने भए ७ (सात) दिन भित्र अभिलेख अध्यावधिक गर्न वेभसाइटमा उल्लेखित विवरणहरु सहित विभागको संस्था दर्ता शाखामा निवेदन दिन सूचित गरिन्छ ।

बैदेशिक रोजगार विभाग,
ताहाचल,काठमाडौं